एकाइ चार

# सामाजिक भाषाविज्ञान र भाषाशिक्षण

## ४.१ सामाजिक भाषाविज्ञान र भाषाशिक्षणबिचको सम्बन्ध

भाषाविज्ञानको एउट प्रमुख शाखा सामाजिक भाषाविज्ञान हो । यसले भाषालाई सामाजिक व्यवहारका रूपमा अध्ययन गर्दछ । यसले भाषा र समाजको अन्तर्सम्बन्धको वर्णन गर्नुका साथै भाषालाई प्रभाव पार्ने सामाजिक वर्ग, शिक्षा, शिक्षाको किसिम, उमेर, लिङ्‍ग, जातजाति आदि पक्षको समेत अध्ययन गर्दछ । भाषाशिक्षण, बहुभाषिकता, भाषाद्वैत, भाषिक विविधता, भाषिक भेद, भाषा योजना, भाषानीति आदि विषय पनि सामाजिक भाषाविज्ञानको क्षेत्र अन्तर्गत नै पर्दछन् । तसर्थ सामाजिक सापेक्षतामा गरिने भाषाको अध्ययनलाई समाज भाषाविज्ञान भनिन्छ । यसको भाषाशिक्षणसँग अन्य विषयका तुलनामा अति निकटको सम्बन्ध रहेको हुन्छ । यसको विस्तृत अध्ययन परिच्छिेद एकमा गरिएको छ ।

सामान्य अर्थमा भाषा सम्बन्धी शिक्षा दिने वा ज्ञानार्जन गराउने कामलाई भाषाशिक्षण भनिन्छ । भाषाशिक्षण एक प्रकारको भाषिक ज्ञान सिक्ने-सिकाउने काम वा भाषा सिकाइको सहजीकरण नै भाषाशिक्षण हो । विशिष्ट अर्थमा भन्नुपर्दा भाषिक विषय (भाषाका बारे) मा नभएर भाषिक सिपका सम्बन्धमा गराइने अध्यापनलाई भाषाशिक्षण भनिन्छ । भाषाशिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी सिपको अभ्यास तथा पुनरावृत्तिमा विशेष जोड दिइन्छ । सुनाइ र पढाइ सिपले विद्यार्थीको बोध क्षमतामा वृद्धि गराउँछ भने बोलाइ र लेखाइ सिपले अभिव्यक्ति क्षमतामा वृद्धि गराउँछ ।

यी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप तथा बोध र अभिव्यक्ति क्षमताका बारेमा गरिने गतिविधिलाई भाषाशिक्षण भनिन्छ । भाषाशिक्षणमा मातृभाषा, दोस्रो भाषा, विदेशी-भाषा र बहुभाषा सिकाइ सम्बन्धी छुट्टाछुट्टै कार्यकलापहरू सञ्चालन गरिन्छ । तसर्थ यी सबै गतिविधिहरू सामाजिक भाषाविज्ञानमा नै आधारित हुनाले यी दुई विधामा निकट सम्बन्ध रहन्छ ।

भाषाप्राप्ति (Acquisition) र भाषा आर्जन (Learning) फरक फरक प्रक्रिया हुन् तर यी दुबै प्रक्रिया समाज र वातवरणबाट प्राप्त हुन्छन् र दुबै भाषाशिक्षणसँग सम्बन्धित छन् । भाषाप्राप्ति प्रक्रिया पहिलो वा मातृभाषा

सिकाइसँग सम्बन्धित विषय हो भने भाषा आर्जन दोस्रो भाषा सिकाइसँग सम्बन्धित विषय हो । भाषाशिक्षणले व्यापक अर्थमा भाषा पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षण विधिहरू, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, भाषिक मूल्याङ्कन आदिका सम्बन्धमा पनि जानकारी गराउँदछ ।

समाजमा हरेक मानिसको पेशा, जाति, धर्म, संस्कार, उमेर, लिङ्ग एकै प्रकृतिको हुँदैन । यसको समग्र पक्षको अध्ययन सामाजिक भाषाविज्ञानले गरेको हुन्छ भने यसका आधारभूत पक्षको निर्क्योल र भाषिक एकरूपता कायम गर्ने/गराउने काम भाषाशिक्षणले गरेको हुन्छ । हरेक भाषाका आधारभूत विशेषताहरू समाज सापेक्ष नै हुन्छन् । तिनै विशेषताहरूको आधारभूत नियम (सिप) सम्बन्धी ज्ञान नै व्याकरण हो । भाषाशिक्षणमा त्यही व्याकरण, साहित्य र सामाजिक गतिविधिका विषयमा सिकाइ हुन्छ । भाषाशिक्षणको विशिष्ट उद्देश्य भनेकै शिक्षार्थीको स्तर अनुरूप समाजसँग सम्बन्धित विषय सुनेर वा पढेर बुझ्नु र बुझाइ अनुरूप मौखिक वा लिखित रूपमा अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गर्नु हो ।

सामाजिक भाषाविज्ञान र भाषाशिक्षण यी दुई आफैमा स्वतन्त्र विषय हुन् । यी दुबैको एकआपसमा घनिष्ट सम्बन्ध छ । यी दुबै विषयको अध्ययन क्षेत्र एउटै भएर पनि यी दुई विधाको उद्देश्य भने फरक हुन्छ । सामाजिक भाषाविज्ञानले विषयपरक ज्ञानको खोजी गर्दछ भने भाषाशिक्षणले सोही विषयपरक ज्ञानको सिपमूलक क्षमताको अभिवृद्धि गर्ने लक्ष्य राखेको हुन्छ । सामाजिक भाषाविज्ञानले विषयवस्तु उपलब्ध गराउँछ भने भाषाशिक्षणले सिप सिकाउँछ ।

सामाजिक भाषाविज्ञानले समाजमा भाषाले पारेको प्रभाव र समाजमा प्रयुक्त भाषिक भेदको अध्ययन गर्दछ । त्यसै गरी समाजमा प्रयुक्त मानक भाषाको शिक्षण गर्ने काम भाषाशिक्षणले गर्दछ । सामाजिक भाषाविज्ञानले तयार गरेको भाषानीति र योजनाको सफल कार्यान्वयन पक्ष भनेकै भाषाशिक्षण हो । भाषाशिक्षणले उक्त सैद्धान्तिक पक्षलाई कार्यान्वयन नगर्ने हो भने पनि सामाजिक भाषाविज्ञानको सैद्धान्तिक अध्ययनको कुनै प्रयोजन नहुन सक्छ । त्यसै गरी भाषाशिक्षणमा हरेक शिक्षार्थीको पारिवारिक पृष्ठभूमि, भाषिक क्षमता, जातीय संस्कार, भाषाप्रतिको उसको बफादारी, भाषिक सामर्थ्य, बोधगम्यता आदि पक्षको छुट्टै अध्ययन गर्नुपर्ने हुन्छ, जुन सामग्रीको आवश्यकताको पूर्ति सामाजिक भाषाविज्ञानले गर्दछ ।

सामाजिक भाषाविज्ञानले भाषाका सामाजिक, क्षेत्रीय र प्रयोजनपरक भेदहरूको पनि अध्ययन गर्ने हुनाले उक्त सामग्री भाषाशिक्षणमा उपयोगी हुन्छन् । साथै शिक्षण सामग्रीका रूपमा आवश्यक पर्ने शब्दकोश, पाठ्य वस्तु (पुस्तक) र अन्य सामग्री तथा दक्ष जनशक्ति (अनुसन्धान कर्ता) समेतको उपलब्धता सामाजिक भाषाविज्ञानले गराउँछ । भाषिक समुदायको निर्धारण र उनीहरूको भाषाप्रतिको अभिवृति भाषाशिक्षणमा अपरिहार्य तत्व हुन्, जुन सामाजिक भाषाविज्ञानबाट पाउन सकिन्छ । यसर्थ सामाजिक भाषाविज्ञान र

भाषाशिक्षण बिचको सम्बन्ध अति निकट हुन्छ, जुन एकको अभावमा अर्काको लक्ष्य पूरा हुन सक्दैन । त्यसैले यी दुई विधा एउटै सिक्काका दुई पाटा हुन्, जुन एकका लागि अर्को पाटा आधार बन्नै पर्छ ।

**सामाजिक भाषाविज्ञान र भाषाशिक्षणबिचको सम्बन्ध**

- भाषाशिक्षणका लागि आवश्यक पर्ने सबै सामग्रीहरू जुटाइदिने कार्य सामाजिक भाषाविज्ञानले गर्दछ,
- भाषा र समाजबीचको सम्बन्धलाई बलियो बनाउन दुबै विषयको उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ,
- भाषाको अध्ययन, योजना र नीति निर्माण गर्ने काम सामाजिक भाषाविज्ञानले गर्दछ भने आवश्यकता अनुसार कार्यान्वयनमा ल्याउने काम भाषाशिक्षणले गर्दछ,
- भाषामा मानकको चयन, कोडीकरण, लिपिसुधार, कोशनिर्माण, व्याकरण लेखन आदि प्राविधिक कार्य सामाजिक भाषाविज्ञानले गर्दछ भने त्यसको प्रयोगमा एकरूपता कायम गर्ने कार्य भाषाशिक्षणले गर्दछ,
- सामाजिक भाषाविज्ञानले भाषाको सैद्धान्तिक र व्यावहारिक दुबै पक्षको अध्ययन गर्दछ भने भाषाशिक्षणले भाषाको व्यवहारिक कार्यान्वयन गर्दछ,
- सामाजिक भाषाविज्ञानले भाषाको आधुनिकीकरणमा जोड दिन्छ भने भाषाशिक्षणले त्यसलाई मानकीकरणमा सहयोग गर्दछ ।

## ४.२ भाषाशिक्षणमा सामाजिक भाषाविज्ञानको उपयोगिता

प्रायोगिक भाषाविज्ञानमा भाषाशिक्षण, सामाजिक भाषाविज्ञान, मनोविज्ञान, शैलीविज्ञान आदि विविध विषयहरू पर्दछन् । भाषाशिक्षण र सामाजिक भाषाविज्ञान दुबै प्रायोगिक भाषाविज्ञानका शाखाहरू भए पनि यिनीहरूको कार्य क्षेत्र भने फरक छ । समाज र भाषा बिचको सम्बन्धका सबै पक्षको अध्ययन सामाजिक भाषाविज्ञानले गर्दछ भने भाषाशिक्षणले भाषा पाठ्यक्रम, शिक्षण विधि र पाठ्य सामग्रीको निर्माण तथा कार्यान्वयन गर्ने काम गर्दछ । यिनीहरूको अध्ययनको उद्देश्य फरक भए पनि भाषाशिक्षणमा सामाजिक भाषाविज्ञानको उपयोगिता धेरै नै हुन्छ ।

सामाजिक भाषाविज्ञानका मुख्य अध्ययन क्षेत्रहरूमा भाषा, भाषिका, भाषिका विज्ञान, भाषिक समुदाय, द्विभाषिकता, भाषानीति, भाषा योजना, भाषिक विविधता, भाषान्तरण प्रक्रिया, भाषिक कोड परिवर्तन, कोड मिश्रण, रूप मिश्रण, भाषाद्वैत, भाषा पिजिन, भाषा विकास आदि हुन् । यिनै क्षेत्रसँग सम्बन्धित विषय वस्तुको अध्यापन कार्य भाषाशिक्षणमा हुन्छ । सामाजिक भाषाविज्ञानले तयार गरेका सबै भाषिक सामग्रीहरूको उपयोग गर्ने काम भाषाशिक्षणले गर्दछ । सामाजिक भाषाविज्ञान भाषिक सामग्रीको उत्पादक हो भने त्यसको उपभोक्ता र वितरक

भाषाशिक्षण हो । तसर्थ भाषाशिक्षणमा सामाजिक भाषाविज्ञानको निम्न उपयोगिता रहेको हुन्छः

- भाषाशिक्षणका लागि आवश्यक पर्ने भाषिक सामग्रीको उत्पादन गरिदिनु,
- भाषाशिक्षणका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको आपूर्ति गर्न सघाउनु,
- भाषाशिक्षणका लागि आवश्यक पर्ने भाषानीति र योजनाको तर्जुमा गरिदिनु,
- भाषाशिक्षणका लागि आवश्यक पर्ने मानक भाषाको चयन गर्नुका साथै भाषा आधुनिकीकरण र मानकीकरणमा सहयोग गर्नु ।
- भाषाशिक्षणमा उपयोग गर्न सकिने भाषाको सन्दर्भगत अर्थ सम्प्रेषणको अध्ययन गर्नु,
- भाषाशिक्षणमा उपयोगी हुने भाषिक तत्वहरूको एकीकृत अध्ययन गर्नु,
- भाषिक प्रयोजनको खोजी गर्नु,
- सामाजिक संरचनाले भाषिक संरचनामा पारेका प्रभावको खोजी गर्नु,
- नातासम्बन्ध, आदरार्थी, सामाजिक स्तर, भाषिक समुदाय आदिको अध्ययन गर्नु,
- सामाजिक परिप्रेक्ष्यमा प्रयुक्त भाषाको अध्ययनमा विशेष जोड दिनु,
- मानक भाषा, अमानक भाषा तथा भाषिकामा पाइने भिन्नताको खोजी गर्नु,
- सैद्धान्तिक तवरबाट व्यावहारिक रूपमा भाषिक समस्याको व्याख्या र विश्लेषण गर्न उपयोगी हुनु,
- मातृभाषा र दोस्रो भाषाशिक्षणमा उपयोगी सामग्रीको तयारी गर्नु,
- भाषाशिक्षण सम्बन्धी व्यावहारिक समस्याको समाधान गर्नु,
- भाषाशिक्षण गर्दा आवश्यक पर्ने जाति, धर्म, लिङ्ग, उमेर, नाता सम्बन्ध सम्बन्धी सामग्री उपलब्ध गराउनु ।

## ४.३ भाषाशिक्षणमा सामाजिक भाषाविज्ञानको महत्व

प्रायोगिक भाषाविज्ञानको मुख्य विषय भनेको नै भाषाशिक्षण हो । भाषाशिक्षणका क्रममा मनोभाषाविज्ञानको जति महत्व छ, त्यति नै सामाजिक भाषाविज्ञानको महत्व हुन्छ । भाषा समाजसापेक्ष हुने हुनाले समाजको प्रकृति र समाजका विशेषताको वस्तुपरक अध्ययन नभएसम्म बालकलाई भाषा सिकाउनुको कुनै अर्थ हुँदैन । तसर्थ भाषाशिक्षणको महत्व र क्षेत्र विस्तारका क्रममा सामाजिक भाषाविज्ञानको विकास भएको हो भन्ने तर्क पनि पाइन्छ । भाषाशिक्षणमा सामाजिक भाषाविज्ञानको ज्यादै महत्व हुन्छ, आंशिक महत्व हुन्छ वा कुनै सम्बन्ध नै हुँदैन भन्ने तर्कहरू पनि पाइन्छन् । वास्तवमा यी दुबै विधाको निकट सम्बन्ध रहन्छ र भाषाशिक्षणमा प्रयोगिक भाषाविज्ञानका अन्य शाखाको भन्दा सामाजिक भाषाविज्ञानको बढी नै महत्व हुन्छ ।

भाषाशिक्षणका लागि आवश्यक पर्ने सबै भाषिक सामग्रीको खोजी, अध्ययन र अनुसन्धान गर्ने काम सामाजिक भाषाविज्ञानले गर्ने हुनाले पनि यसको महत्व बढी हुन गएको हो । भाषाशिक्षणमा एकातर्फ विद्यार्थीको भाषिक पृष्ठभूमिको आवश्यकता पर्दछ भने अर्कातर्फ सामाजिक पृष्ठभूमि र विषय वस्तुको जानकारी भएको दक्ष जनशक्तिको आवश्यकता पर्दछ । यो दुबै आवश्यकताको आपूर्ति गर्न पनि सामाजिक भाषाविज्ञानको महत्वलाई नकार्न सकिदैन । त्यसै गरी भाषाशिक्षणका लागि आवश्यक पर्ने भाषानीति र योजनाको तर्जुमा गर्न पनि सामाजिक भाषाविज्ञानको महत्वपूर्ण योगदान हुन्छ ।

भाषाशिक्षणका लागि आवश्यक पर्ने मानक भाषाको चयन गर्नुका साथै भाषा आधुनिकीकरण र मानकीकरण गर्नमा पनि सामाजिक भाषाविज्ञानले नै सहयोग गरेको हुन्छ । भाषाशिक्षण गर्नु भनेको भाषाको सन्दर्भगत अर्थ सम्प्रेषण गराउनु हो । सन्दर्भगत अर्थ सम्प्रेषणमा सामाजिक संरचनाले भाषिक संरचनामा प्रभाव पारेको हुन्छ । यसको महत्व सामाजिक भाषाविज्ञानले मात्र बुझेको हुन्छ ।

समाजमा हरेकको नाता सम्बन्ध, आदरार्थी, सामाजिक स्तर, भाषिक समुदाय आदिको अध्ययन सामाजिक भाषाविज्ञानले गर्ने हुनाले पनि यसको भाषाशिक्षणमा महत्व बढेको हो । भाषाशिक्षणमा मानक भाषा, अमानक भाषा तथा भाषिकामा पाइने भिन्नताको खोजी हुन्छ । यो समास्याको समाधान पनि सामाजिक भाषाविज्ञानले नै गर्न सक्छ । तसर्थ पनि यसको महत्व बढेको हो ।

मातृभाषा र दोस्रो भाषाशिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीको खोजी सामाजिक भाषाविज्ञानले गर्ने हुनाले पनि यसको महत्व बढेको हो । भाषाशिक्षण सम्बन्धी सबै व्यावहारिक समस्याको समाधान गर्न र भाषाशिक्षण गर्दा आवश्यक पर्ने जाति, धर्म, लिङ्ग, उमेर, नाता सम्बन्ध सम्बन्धी सामग्री उपलब्ध सामाजिक भाषाविज्ञानले गराउने हुनाले नै यसको शैक्षणिक महत्व बढेको हो ।

भाषाशिक्षणमा सामाजिक भाषाविज्ञानको महत्व

- आवश्यक भाषिक सामग्रीको व्यवस्था गरिदिनु,
- अनुसन्धानबाट प्राप्त मानक सामग्री उपलब्ध गराउनु,
- दक्ष जनशक्तिको आपूर्ति गर्नु,
- भाषानीति र योजनाको तर्जुमा गर्न सघाउनु,
- मानक भाषाको चयन गर्नुका साथै भाषाको आधुनिकीकरण र मानकीकरणमा सहयोग गर्नु ।
- भाषाको सन्दर्भगत अर्थ सम्प्रेषणको अध्ययन गर्नु,
- भाषिक तत्वहरूको एकीकृत अध्ययन गर्नु,
- भाषिक प्रयोजनको खोजी गर्नु,
- सामाजिक संरचनाले भाषिक संरचनामा पारेका प्रभावको खोजी गर्नु,
- नातासम्बन्ध, आदरार्थी, सामाजिक स्तर, भाषिक समुदाय आदिको अध्ययन गर्नु,

- सामाजिक परिप्रेक्ष्यमा प्रयुक्त भाषाको अध्ययनमा विशेष जोड दिनु,
- मानक भाषा, अमानक भाषा तथा भाषिकामा पाइने भिन्नताको खोजी गर्नु,
- मातृभाषा र दोस्रो भाषाशिक्षणमा उपयोगी सामग्रीको तयारी गर्नु,

❖